**बेसीशहर नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७८ भदौ २२ गतेको बैठकका एजेण्डाहरु***

- लागत साझेदारीतर्फका योजनाहरुको सम्बन्धमा
  - सडक कालोपत्रे (६०/४०)
  - सामुदायिक भवन निर्माण तथा स्तरोन्नति (५०/५०)
  - दलित सामुदायिक भवन निर्माण तथा स्तरोन्नति (७०/३०)
- ठेक्का बन्दोबस्तीबाट सञ्चालन गरिने योजना सम्बन्धमा ।
- लघुउद्यम विकास कार्यक्रमको वडा छनौट सम्बन्धमा
  - नगरपालिकास्तरीय संघीय राजश्वतर्फको बजेटबाट (रातो किताप पेज नं ८५ क्र.सं ३३)
  - सशर्ततर्फको बजेटबाट रातो किताप पेज नं १०९ वशिनं ३०७००१०६)
- युवालक्षित सीपमूलक कार्यक्रमको सम्बन्धमा ।
- स्वास्थ्यतर्फका करार सेवाका कर्मचारीहरुको तलवस्केल सम्बन्धमा
- घाँसको विउविजनमा अनुदान दिने सम्बन्धमा (७५%)
- कृषि र पशुपंक्षी तथा मत्स्य शाखामा करारमा पदपूर्ती गर्ने सम्बन्धमा ( प्राविधिक सहायक सहायकस्तर पाचौ २/२ जना )
- श्रोत उपयोग कर र विज्ञापन कर सम्बन्धमा ।
- कार्यालय परिसरमा पार्किङ ग्यारेज निर्माण गर्ने सम्बन्धमा ।
- निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।
- नगर बाल कोष स्थापना सम्बन्धमा ।
- योजना एकिकरण सम्बन्धमा ।
- विविध
  - वडा नं ५ मा प्राविधिक व्यवस्थापन सम्बन्धमा ।
  - शौचालय सरसफाइकर्ताको पारिश्रमिक सम्बन्धमा ।
  - अग्नि नियन्त्रक (fire fighter) सेवा करारमा लिने सम्बन्धमा

## निर्णयहरु

**निर्णय नं. १: लागत साझेदारीतर्फका योजनाहरुको सम्बन्धमा ।**

चालु आव २०७८।०७९ मा नगरपालिका र स्थानीय उपभोक्ताहरुको लागत साझेदारीमा सञ्चालन गरिने योजनाहरुको लागि प्रकाशित सूचना वमोजिम निवेदन/प्रस्ताव पर्न आएका देहायका योजनाहरुको प्रविधिक लागत अनुमान तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**क. नगरपालिकाको ६० र स्थानीय उपभोक्ताहरुको ४० प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिने सडक कालोपत्रेतर्फका योजनाहरु**

१. बेसीशहर चामे सडकदेखि सहजीको खुदी जाने पुरानो सडक कालोपत्रे बेनपा ७, (गत आव र यस आवमा समेत निवेदन)

२.सेरा लाल बहादुर श्रेष्ठको घरदेखि मंगलेको घरसम्म सडक कालोपत्रे, बेनपा ८ (गत आवमा नै छनौट गरिएको)

३.जनविकास हाइस्कुल चोकदेखि पूर्वतर्फको सडक ढलान, बेनपा ७ (गत आवमा नै छनौट गरिएको)

४.पल्लोटार देखि बयरटार सम्मको सडक कालोपत्रे, बेनपा ११ (गत आवमा नै छनौट गरिएको)

५.लप्सेचौताराबाट थापा कुलायन हुँदै डाँडागाउँसम्मको सडक ढलान तथा कालोपत्रे बेनपा १०

६. दल बहादुर खवासको घरबाट ठूलोपँधेरो पिचसम्म पक्की सडक निर्माण, बेनपा ८

७.मनास्लु मार्ग पक्की सडक निर्माण, बेनपा ७

८. जनविकास मावि गेटदेखि भानुभक्तमार्ग हुँदै गोमादेवी न्यौपानेको घडेरीसम्मको बाटो स्तरोन्नति, बेनपा ७

९. बोहोराबेसी धुँवाखोला डुम्रे बेसीशहर सडक खण्डदेखि सन्त बहादुर बोहोराको घरसम्म जाने घुम्ती सहित पक्की नाली निर्माण बेनपा २

१०.बंशीराम श्रेष्ठको घरदेखि अर्जुन रावलको घरसम्म पर्ने विजय मार्ग कालोपत्रे बेनपा ७

११ वाणिज्य मार्ग सडक कालोपत्रे बेनपा ७

१२.हरि दनाईको घरदेखि यम बहादुर अधिकारीको जग्गा सम्मको बाटो कालोपत्रे बेनपा ८

१३.आहालेमूलदेखि दुईथोक साम्दी जोडिनेबाटो बुद्ध मेमोरियलसम्मको सडक कालोपत्रे वेनपा ८ र ९

१४.शान्ति आमा समुह भवन सुयलथोक जाने सिंढी निर्माण बेनपा ७

**ख. नगरपालिकाको र स्थानीय उपभोक्ताहरुको ५०/५० प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिने भवन निर्माण तथा स्तरोन्नतितर्फका योजनाहरु**

१. जनचेतना आमा समुह भवन मर्मत सम्भार,बेनपा ४

२.लोहन कुलायन मन्दिर परिसर विश्रामस्थल निर्माण, बेनपा १

३.लालीगुराँस आमा समुह सामुदायिक भवन निर्माण, बेनपा १०

४.मालेबगर मरनघाट विश्रामस्थल भवन निर्माण, बेनपा ६

५.शिवशक्ति आमा समुह भवन निर्माण, बेनपा ९

६.कन्यादेवी आमा समुह भवन कोठा निर्माण बेनपा १०

७.रतनपुर टोल सुधार संस्थाको अधुरो हल निर्माण बेनपा १

८.मर्स्याङ्दी कृषक समुह सामुदायिक भवन निर्माण, बेनपा १०

९.शेरा तमु बाबा तथा आमा सेवा समाज भवन निर्माण, बेनपा ९

१०.न्यू हिमचुली आमा समुह सामुदायिक भवन निर्माण, बेनपा १०

११.शान्तिमिलन आमा समुह सामुदायिक भवन निर्माण, बेनपा १०

१२.सीताराम आमा समुह भवन निर्माण, बेनपा ११

१३.चिसापानी सामुदायिक आमा समुह भवन निर्माण बेनपा २

**ग. नगरपालिकाको ७० र स्थानीय उपभोक्ताहरुको ३० प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिने दलित समुदाय लक्षित भवन निर्माण तथा स्तरोन्नतितर्फका योजनाहरु**

१.चन्दनदेवी आमा समुह दलित सामुदायिक भवन निर्माण, बेनपा ३

२.परियार सेवा समाज दलित अधुरो भवन निर्माण, बेनपा १

३.गोदाबरी दलित आमा समुह भवन निर्माण, बेनपा ३

४.दलित सामुदायिक भवन निर्माण (दल बहादुर मजाकोटी), बेनपा ३

**निर्णय नं. २ : ठेक्का बन्दोबस्तीबाट सञ्चालन गरिने योजना सम्बन्धमा ।**

(क)चालु आव २०७८।०७९ मा सञ्चालन गरिने योजनाहरुमध्ये देहायका योजनाहरुलाई ठेक्कापट्टा प्रक्रिया मार्फत तुरुन्त कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

१.बेसीशहर युनिभर्सलचोक मकैडाँडा सडक स्तरोन्नति (क्रमागत/संघीय समपुरक अनुदान) बेनपा ६ र ७, रु. २ करोड ७८ लाख

२.चण्डीस्थान (सारिङ) स्वस्थ्य चौकी भवन निर्माण बेनपा ६, (बहुबर्षिय/संघीय विशेष अनुदान २ करोड ६३ लाख/चालु आवको बजेट रु १ करोड ८ लाख)

(ख) सशर्तको पूँजीगत योजना, प्रदेश समपुरक तथा प्रदेश सशर्त लगायत बाँकी सवै योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयनमा लैजाने साथै १५ लाख भन्दा माथिका योजना सञ्चालनको प्रगति विवरण हरेक बैठकमा वडाध्यक्ष मार्फत कार्यपालिका बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : लघु उद्यम विकास कार्यक्रमको वडा छनौट सम्बन्धमा ।**

चालु आ.व. २०७८।०७९ मा लघु उद्यम विकास कार्यक्रमको सशर्ततर्फको बजेटबाट नयाँ लघु उद्यम सिर्जना तर्फको कार्यक्रम बेसीशहर नगरपालिका वडा नं २ र ६ मा सञ्चालन गर्ने तथा नगरपालिकास्तरीय बजेट (संघीय राजश्व) बाट वडा नं ३ र १० मा सञ्चालन गर्ने निर्णय गरियो । साथै वडा नं ६ मा कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा वडा नं ७ को बन्थोक मैगुम क्षेत्र समेत समेट्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : युवालक्षित सीपमूलक कार्यक्रमको सम्बन्धमा ।**

चालु आवको संघीय राजश्व तर्फको युवा लक्षित सीपमूलक कार्यक्रम सञ्चालनको सन्दर्भमा सञ्चालन गरिने तालिमहरु एकिन गरी तालिम लिन इच्छुक व्यक्तिहरुबाट निवेदन माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : स्वास्थ्यतर्फका करार सेवाका कर्मचारीहरुको तलवस्केल सम्बन्धमा ।**

स्वास्थ्य सेवातर्फ करार सेवामा कार्यरत स्वास्थ्यकर्मी र सहायक कर्मचारीको तलव २०७८साउनबाट लागु हुने गरी नेपाल सरकारको समान तहका कर्मचारीको शुरु तलवस्केल सरह कायम गर्ने तथा कार्यालय सहयोगीहरुको तलव मासीक रु १७,५००।- (सत्र हजार पाँच सय) कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ : घाँसको विउविजनमा अनुदान दिने सम्बन्धमा ।**

चालु आवमा सञ्चालन गरिने पशु विकास तर्फका कार्यक्रम अन्तर्गत घाँस विकास कार्यक्रम र सशर्ततर्फको पशु आहारा मिसन कार्यक्रम तर्फ घाँसको वीउ/बेर्ना ७५ प्रतिशत अनुदानमा कृषकहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ : कृषि र पशुपंक्षी तथा मत्स्य शाखामा करारमा प्राविधिक पदपूर्ती गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका कृषि भेटनरीतर्फ रिक्त रहेका दरबन्दीहरु मध्ये कृषि समुहतर्फ प्राविधिक सहायक (सहायक स्तर पाचौं) २ जना र पशुपंक्षी तथा मत्स्य विकास शाखामा लाइभस्टक डेरी डेभलपमेन्ट समुहमा प्राविधिक सहायक (सहायक स्तर पाचौं) २ जना को विज्ञापन आह्वान गरी करार सेवामा पदपूर्ती गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८ : श्रोत उपयोग कर र विज्ञापन कर सम्बन्धमा

**(क)विज्ञापन कर सम्बन्धमा**

यस कार्यालय र आकृति एडभरटाईजिङ्ग, बिराटनगर, मोरङ्ग बीच बेसीशहर नगरपालिका क्षेत्रभित्र राखिएका विभिन्न प्रचारप्रसारका सामाग्रीहरुबाट लिइने विज्ञापन कर उठाउने कार्यको लागि मिति २०७६।०४।१६ मा ३ वर्षको लागि सम्झौता भएकोमा सम्झौतामा उल्लेख भएअनुसार पहिलो आर्थिक वर्ष २०७६।७७ को रु. २,९०,०००।- मात्र यस कार्यालयमा दाखिला भएको र दोस्रो आर्थिक वर्ष २०७७।७८ का लागि बुझाउनु पर्ने रकम रु. ३,१९,०००।- दाखिलाको लागि मिति २०७७।०५।०९, २०७७।१२।०१ र २०७८।०३।१३ मा पत्राचार गर्दा निजले हालसम्म रकम दाखिला नगरेको र फोन सम्पर्क गर्दा लकडाउनको वहानामा काम गर्न नसक्ने भनि जानकारी गराएकाले यस आर्थिक वर्षको लागि नयाँ सूचना प्रकाशन गरी ठेक्का प्रकृयाको कार्य अगाडि बढाउने निर्णय गरियो ।

**(ख)आय ठेक्काहरु सम्बन्धमा**

अ) मिति २०७८।०२।२१ को कार्यापालिकाको निर्णयानुसार स्वीकृत भएका विभिन्न २४ वटा ठेक्काहरु मध्ये मिति २०७८।०२।२३ मा सूचना प्रकाशन गरी ठेक्का आब्हान गरिएकोमा ठेक्का नं. ६, मर्स्याङदी नदी, सातविसे डील मुनी मरनघाट (सातविसे पुल तलको भाग) को वालुवा उत्खननको कार्य स्थगित गर्नको लागि झोलुङ्गे वगर सामुदायिक वन उपभोक्ता समूह, बेसीशहर ७, लमजुङबाट मिति २०७८।०३।१३ मा लेखी आएकोले उक्त घाटबाट वालुवा उत्खननको कार्य स्थगित गर्ने निर्णय गरियो ।

आ) बोलपत्र मूल्यांकन समितिको निर्णयानुसार कुनैपनि सिलवन्दी बोलपत्र पर्न नआएका तपसिल बमोजिमका ४ वटा घाटहरुको लागि पुनः दोस्रो तथा तेस्रो सूचना प्रकाशनको लागि गरिएका निर्णयहरु सदर गर्ने निर्णय गरियो ।

**तेस्रो पटक सूचना प्रकाशन गरिएका घाटहरु**

| क्र. सं. | ठेक्का नं. | नदी /खोला | उत्खनन् गरिने घाटको नाम तथा स्थान | न्यूनतम ठेक्का रकम | | कै. |
|---|---|---|---|---|---|---|
| १ | ५ / २०७८।०७९ | मर्स्याङदी | पुवाखोला दोभान (सातविसे पुलमाथिदेखि बाँझाखेत पुलसम्म) | ५८०००० ।०० | ५ लाख ८० हजार | |
| २ | ११ / २०७८।०७९ | मर्स्याङदी | गैरी क्याम्पस मुनी | १३६६००० ।०० | १३ लाख ६६ हजार | |
| ३ | १८ | दोर्दी खोला | दोर्दी खोला क्षेत्र | १६५०००० ।०० | १६ लाख ५० हजार | |
| ४ | १९ / २०७८।०७९ | मिदिम खोला | नाल्मा मिदिमखोला पुल वरपरदेखि हाइड्रो पावरसम्म | १००००० ।०० | १ लाख | |

इ) ठेक्का नं. १६, मर्स्याङदी नदी, चिती वरवोट खोलादेखि गैरी क्याम्पसको झोपुसम्म (कडेनी) खण्डको हकमा प्रथम पक्षसँग सम्झौता हुन नसकेको र बाँकी बोलपत्रदाहरुले प्रकृया नपुर्‍याई बोलपत्र पेश गरेकाले निजहरुसँग सम्झौता हुन नसकी मिति २०७८।०५।१६ मा पुनः दोस्रो पटक सूचना प्रकाशनको लागि गरिएको निर्णय सदर गर्ने निर्णय गरियो ।

ई) ठेक्का नं. १०, १२ र १३ को लागि सबैभन्दा बढी अंक कवोल गर्ने बोलपत्रता सम्झौता गर्न नआएको हुँदा निजहरुको धरौटी वापत राखिएको धरौटी रकम तथा बैंक ग्यारेन्टी रकम जफत गरी दोस्रो अंक कवोल गर्ने फर्म वा कम्पनीसँग सम्झौताको लागि गरिएका निर्णय सदर गरियो ।

उ) यस कार्यालयकाको अनुमति नलिई नदी तथा खोलाको किनारामा रहेका ढुंगा, वालुवा तथा ग्राभेल उत्खनन् गरेको गुनासो आएकोले प्राविधिक सहित वालुवाका घाटहरु अनुगमन गरी इष्टिमेट अनुसारको वालुवाको दोब्बर दस्तुर लिने र उत्खनन्को कार्य बन्द गराउने निर्णय गरियो ।

ऊ) यस कार्यालयबाट लगाइएको आय ठेक्काहरुमा सबैभन्दा बढी अंक कवोल गरी सम्झौताको प्रकृयामा नआउने व्यक्ति/फर्मलाई कालोसूचीमा राख्नको लागि सम्वन्धित निकायमा लेखी पठाउने र निजहरुलाई आगामी ३ वर्षसम्म बेसीशहर नगरपालिकाबाट दिइने सेवा, सुविधा, ठेक्का पट्टा आदिमा सहभागी नगराउने निर्णय गरियो ।

**निर्णय नं. ९ : कार्यालय परिसरमा पार्किङ ग्यारेज निर्माण गर्ने सम्बन्धमा ।**

कार्यालय परिसरभित्र नगरपालिका भवनको अगाडि रहेको जग्गामा सवारी साधनहरुको लागि ग्यारेज निर्माण गर्ने र यसको लागि लागत प्राविधिक लागत इष्टिमेट तयार गरी सोही वमोजिम निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १० : निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।**

प्रक्रिया पुरा गरी पेश हुन आएको देहायको फर्म/कम्पनीलाई बेसीशहर नगरपालिकाबाट प्रदान गरिने घ वर्गको निर्माण व्यवसायी इजाजत्र पत्र प्रदान गर्ने निर्णय गरियो ।

**देहाय :**

१. बि.एल.इन्फा प्रोजेक्टस प्रा.लि., बेसीशहर नगरपालिका १ (प्रो.रुद्रनिधि लोहनी)

**निर्णय नं. ११ : नगर बाल कोष स्थापना गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्र बालमैत्री स्थानीय शासन प्रक्रिया अवलम्बन हुँदै आइरहेको सन्दर्भमा नगरपालिका भित्र जोखिममा पर्ने तथा पर्न सक्ने बालबालिकालाई संरक्षण दिन एवम् बालबालिकाको समग्र विकास र हितको लागि उपयोगमा आउने गरी नगर बाल कोष स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : योजना एकिकरण गर्ने सम्बन्धमा ।**

देहायको योजनाहरुलाई देहाय अनुसार एउटै योजना मानि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| १.खासुरटोल खानेपानी व्यवस्थापन बेनपा ११<br>२.खासुर तल्लो टोल खानेपानी व्यवस्थापन बेनपा ११ | १,२५,०००।-<br>१,२५,०००।- | १.खासुर खानेपानी उपभोक्ता समिति | २,५०,०००।- |
| १.हिले सामुदायिक भवन सुधार बेनपा ४(नगरस्तरीय)<br>२.जलदेवी आमा समुह भवन निर्माण बेनपा ४(हिले) (वडास्तरीय) | ३०००००।-<br>३०००००।- | जलदेवी आमा समुह भवन निर्माण बेनपा ४( हिले) | ६,००,०००।- |
| १.डाँडागाउँ पुरानोकोटगढी सडक बेनपा ४ ( नगरस्तरीय)<br>२.छाँगु चण्डी मोटरबाटो निर्माण बेनपा ४ ( वडास्तरीय) | १०,००,०००।-<br>४,५०,०००।- | छाँगु चण्डी मोटरबाटो निर्माण | १४,५०,०००।- |

| | | | |
|---|---|---|---|
| १.फोस्रे सिमलगैरी सडक बेनपा ४ (नगरस्तरीय)<br>२.सिमलगैरी मोटरबाटो निर्माण बेनपा ४ ( वडास्तरीय) | ३,००,०००।-<br>१,८०,०००।- | १.फोस्रे सिमलगैरी सडक निर्माण, बेनपा ४ | ४,८०,०००।- |

**निर्णय नं. १३ : विविध/वडा नं ५ मा प्राविधिक व्यवस्थापन सम्बन्धमा ।**

वडा नं ५ मा मात्र प्राविधिक व्यवस्थापन हुन नसकेको हुँदा वडा नं ४ हेर्ने प्राविधिक सुर्य पोखरेललाई वडा नं ५ समेत हेर्न लगाउने र सो वापत मासीक रु ५०००।- (पाँच हजार मात्र) का दरले अतिरिक्त सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४ : विविध/शौचालय सरसफाइकर्ताको पारिश्रमिक सम्बन्धमा ।**

विभिन्न स्थलको शौचालय सरसफाइकर्ताहरुको पारिश्रमिकको सम्बन्धमा देहाय अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

(क) हाल नगरपालिका कार्यालयको शौचालय सफा गर्ने सरसफाइकर्तालाई झिंगेखोला शौचालय र फूलबारी मञ्च क्षेत्र समेत सरसफाइ गर्ने गरी मासीक रु १५०००।- (पन्ध्र हजार) ।

(ख) कर्पुरेश्वर पार्क सरसफाईकर्तालाई मासीक रु ८०००।- (आठ हजार) ।

(ग) अन्य सार्वजनिक शौचालय सरसफाइकर्ताहरुलाई मासीक रु ५०००।- (पाँच हजार) ।

**निर्णय नं. १५ : विविध/अग्नि नियन्त्रक (Fire fighter) सेवा करारमा राख्ने सम्बन्धमा ।**

विभिन्न समयमा नगरपालिकामा आगलागीजन्य विपद्को घटना हुँदा प्रभावकारी रुपमा आगो नियन्त्रणमा ल्याई जनधनको सुरक्षा गर्ने कार्यको लागि तालिमप्राप्त अग्नि नियन्त्रक (Fire fighter) सेवा करारमा लिने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।